# नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर साउन-भदौ, २०७४ | FNJ Newsletter Aug-Sept, 2017




निर्वाचित भएलगत्तै पदाधिकारी तथा केन्द्रीय सदस्यहरू । तस्वीर : शालिकराम तिवारी

# पत्रकार महासंघमा नयाँ नेतृत्व

नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनले गोविन्द आचार्यको नेतृत्वमा नयाँ केन्द्रीय समिति चयन गरेको छ । २०७४ साल भाद्र ४ र ५ गते काठमाडौंमा सम्पन्न महाधिवेशनले ४७ सदस्यीय केन्द्रीय समिति चयन गरेको हो । प्रदेश नं. ७ मा भने सदस्यका लागि श्यामदत्त भट्ट र उत्तर सिंह विष्टको मत बराबर भएकाले कार्यकाल आधा-आधा गरिएको छ । महाधिवेशनले लेखा समितिका पदाधिकारी पनि चयन गरेको छ । नवनिर्वाचित केन्द्रीय समिति र लेखा समितिको विवरण यस प्रकार छ :

**पदाधिकारी**

गोविन्द आचार्य - अध्यक्ष
विपुल पोखेल - उपाध्यक्ष (खुला)
दिलिप थापामगर - उपाध्यक्ष (समावेशी)
रमेश विष्ट - महासचिव
रामप्रसाद दाहाल - सचिव (खुला)
लक्ष्मी पुन - सचिव (महिला)
उदय जिएम - सचिव (आदिवासी जनजाति)
शीतलप्रसाद महतो - सचिव (मधेसी)
रेमबहादुर विश्वकर्मा - सचिव (दलित)
प्रकाश थापा - सचिव (एसोसिएट)
राजेश मिश्र - कोषाध्यक्ष

**कन्द्रीय सदस्य**

जन्मदेव जैसी (खुला)
हरिहरसिंह राठोर (खुला)
नकुल अर्याल (खुला)
लक्ष्मण कार्की (खुला)
टेकराज शाही (खुला)
सृर्जना अर्याल (महिला)
जानुका बराल (महिला)
श्वेता सिन्हा (महिला)
गोपाल बराइली (दलित)
मधु शाही (दलित)
टेकराज थामी (आदिवासी)
राजेश चाम्लिङ राई (आदिवासी)
अवधेश कुमार झा (मधेसी)
सुरेश कुमार यादव (मधेसी)
माधवप्रसाद चम्लागाई (अपाङ्ग)
छेटु शेर्पा (अल्पसंख्यक)
उद्धव तिम्सिना (प्रदेश नं. १)
सटेन्द्र जवेगु (प्रदेश नं. १)
देवकुमार यादव (प्रदेश नं. २)
शैलेन्द्र झा (प्रदेश नं. २)
द्वारिका काफ्ले (प्रदेश नं. ३)
कृष्ण गिरी (प्रदेश नं. ३)
नविनराज कुइकेल (प्रदेश नं. ४)
रामकृष्ण ज्ञवाली (प्रदेश नं. ४)
पुरुषोत्तम सुवेदी (प्रदेश नं. ५)
बसन्त गिरी (प्रदेश नं. ५)
पूर्णप्रसाद चौलागाई (प्रदेश नं. ६)
कलेन्द्र सेजुवाल (प्रदेश नं. ६)
मिन बम (प्रदेश नं. ७)
श्यामदत्त भट्ट (प्रदेश नं. ७)
उत्तरसिंह विष्ट (प्रदेश नं. ७)
लेखनाथ न्यौपाने (उपत्यका ८)
गोविन्द चौलागाईं (उपत्यका ८)
यम विरही (प्रतिष्ठान ९)
टिकाराम प्रधान (प्रतिष्ठान ९)
पवन आचार्य (एसोसिएट १०)
राधेश्याम दाहाल (एसोसिएट १०)

**लेखा समिति**

रोसन पुरी - संयोजक
भुपेन्द्र आचार्य - सदस्य (खुला)
मिरा राजभण्डारी अमात्य - सदस्य (महिला)


# महाधिवेशन झलक

१




१) २५ औं महाधिवेशनको उद्घाटन समारोहमा उपस्थित प्रमुख अतिथि एवं अतिथिहरू ।
२) नयाँ नेतृत्व चयनका लागि मतदान गर्न आतुर केन्द्रीय प्रतिनिधिहरू ।
३) मतदान गर्दै अध्यक्ष पदका उम्मेद्वारहरू (बायाँबाट) उजिर मगर, गोविन्द आचार्य र तीर्थ कोइराला ।
४) शुभकामना दिनु हुँदै प्रधानमन्त्री शेरबहादुर देउवा ।

२



३




४



५



६



५) विजयी उम्मेदवार घोषणा गर्दै केन्द्रीय निर्वाचन समितिका संयोजक प्रा.चिरञ्जीवी खनाल।
६) कृष्णप्रसाद भट्टराई राष्ट्रिय पत्रकारिता पुरस्कारबाट सम्मानित हुँदै पत्रकार विजयकुमार।
७) मतगणना गर्दै मतदान अधिकृत तथा प्रतिनिधिहरू।
८) महाधिवेशनको बन्द सत्र सञ्चालन गर्दै महासंघका पूर्व अध्यक्ष तारानाथ दाहाल।
९) प्रचार–प्रसारका क्रममा कमलादीस्थित महाधिवेशन स्थल।

७



८



९



# महासंघको २५औं महाधिवेशनद्वारा १९ बुँदे घोषणापत्र जारी

नेपाल पत्रकार महासंघको २०७४ भाद्र ४ र ५ गते काठमाडौंमा सम्पन्न २५औं महाधिवेशनले १९ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ, जुन निम्नानुसार छन् :

१. नेपाली पत्रकारिताको स्वतन्त्रताका लागि हालसम्म पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै नेपालको संविधानले व्यवस्था गरेको 'पूर्ण प्रेस स्वतन्त्रता' को रक्षा गर्ने प्रण जनाउँदछौं। साथै, सञ्चार र सूचनाको हक प्राप्तिका लागि पूर्ण प्रेस स्वतन्त्रताको उपयोग गर्दा पत्रकार आचारसंहिताको पालना गर्न र जनताको सत्य-तथ्य र विश्वसनीय सूचना पाउने नैसर्गिक हकको सम्मान गर्ने दृढता पनि व्यक्त गर्दछौं।

२. महासंघको २५औं महाधिवेशनले तय गरेको भावी रणनीतिका लागि 'व्यावसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम अधिकार' भन्ने मूल नारालाई सफल बनाउन यो महाधिवेशन प्रतिबद्धता व्यक्त गर्दछ।

३. श्रमजीवी पत्रकार ऐनलाई प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा निजी क्षेत्रका सबै सञ्चारमाध्यममा पूर्ण कार्यान्वयन गर्न सम्बद्ध पक्षसँग जोडदार माग गर्दछ। साथै, पत्रकारको भौतिक सुरक्षा, दण्डहीनताको अन्त्य, सेल्फसेन्सरसीपको अन्त्यका लागि महासंघले उच्च प्राथमिकताका साथ काम गर्नेछ।

४. श्रमजीवी पत्रकारहरूले हाल पाउँदै आएको न्यूनतम पारिश्रमिक १९ हजार पाँच सय रुपियाँको प्रभावकारी कार्यान्वयन र समयसापेक्ष पारिश्रमिक पुनरावलोकनको माग गर्दछौं।

५. स्वच्छ, मर्यादित एवं उत्तरदायी पत्रकारिताको विकासका लागि महासंघभित्र र पत्रकारिता जगत्मा शुद्धीकरण गर्ने महासंघको अभियानलाई जारी राखिनेछ।

६. पत्रकारिता पेसा र व्यवसायलाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चार सम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवं उच्चतम व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' केन्द्र र प्रदेशमा स्थापना गर्नका लागि छिटो भन्दा छिटो प्रक्रिया अगाडि बढाउन महाधिवेशन जोडदार माग गर्दछ।

७. मिडियामा बहुलता, विविधता, लैङ्गिक समानता र समावेशीताको अवधारणालाई मूर्तता दिन महासंघ केन्द्र, प्रदेश र स्थानीय तहसम्म प्रभावकारी अभियान चलाउन यो महाधिवेशन प्रतिबद्धता व्यक्त गर्दछ। पत्रकार महिलाको राष्ट्रिय भेलाद्वारा पारित घोषणापत्र तथा सरकारले तयार गरेको सञ्चार प्रतिष्ठानहरूलाई लैङ्गिक मैत्री बनाउने निर्देशिकालाई कार्यान्वयनमा लैजाने महासंघको प्रयास जारी रहनेछ।

८. साना लगानीका मिडिया प्रवर्द्धनका लागि समानुपातिक विज्ञापन, स्तरोन्नतिका लागि विशेष प्याकेजको पहल भइरहेकोमा त्यसलाई कार्यान्वयनको चरणमा लैजान यो महाधिवेशन प्रतिबद्धता व्यक्त गर्दछ।

९. महासंघले अघि बढाएका पत्रकार बिमा, ज्येष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार शैक्षिक सन्ततीवृत्ति, पत्रकार कल्याणकोष, आपत्कालीन राहत कोष, पुरस्कार तथा सम्मान र स्वास्थ्य उपचारसम्बन्धी कार्यक्रमलाई अझ विस्तार गरी कार्यान्वयन गरिनेछ। साथै, पत्रकारिता तथा आमसञ्चार विषय लिएर नेपालका विश्वविद्यालयमा एमफिल तथा पीएचडी (विद्यावारिधि) अध्ययनको प्रक्रिया सुरु गरेका सञ्चारकर्मीलाई अध्ययनवृत्ति प्रदान गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१०. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारिताको बृहत्तर हितका निम्ति राष्ट्रिय आमसञ्चार नीति २०७३ ले परिकल्पना गरेका नीतिगत तथा कानूनी सुधार र नियामक निकायको स्थापना तथा पुनर्संरचना लगायतका कार्यहरूमा महासंघले पहलकदमी लिनेछ।

११. नेपाल पत्रकार महासंघको रणनीतिक दृष्टिकोणपत्र (२०७४-०७५) र पत्रकार सुरक्षा नीति २०७४ मा उल्लिखित नीतिको कार्यान्वयन र कार्यक्रमको सञ्चालन गरिनेछ।

१२. महासंघको कुनै पदाधिकारी वा कुनै पत्रकारले महासंघको मर्यादा र पत्रकारिताको आचरण विपरीत कुनै कार्य गरेमा महासंघ स्वयंबाट कारबाही गर्नका लागि उपयुक्त विधि र संरचना तयार गरी अधिकार सम्पन्न अनुशासन समिति निर्माण गर्न यो महाधिवेशन नयाँ कार्यसमितिलाई निर्देशित गर्दछ।

१३. संविधानले परिकल्पना गरेको केन्द्र, प्रदेश र स्थानीय तहमा मिडिया सञ्चालनका लागि कानूनी तथा नीतिगत व्यवस्थाका लागि ठोस पहल गरिनेछ।

१४. स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन सम्पन्न भइसकेको र तेस्रो चरणको निर्वाचन असोज २ गते घोषणा भएको छ। त्यसैगरी, संघीय व्यवस्थापिका र प्रदेशसभाको निर्वाचन २०७४ मंसिर १० गते आइतबार हुनेगरी निर्वाचनको मिति घोषणा भएकोमा यो महाधिवेशन सरकार र राजनीतिक दलहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै, संक्रमणकालीन राजनीतिक अवस्थालाई यशाशीघ्र अन्त्य गर्न सबै राजनीतिक दलबीच एकता, सहमति र सहकार्य गरी अगाडि बढ्न पनि महासंघ अपिल गर्दछ।

१५. महासंघलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी व्यावसायिक संस्थाको रूपमा विकास गर्ने यो महाधिवेशन प्रण गर्दछ। महासंघको कुनै पनि तहको कार्य समितिको निर्वाचित पदाधिकारी वा सदस्यले अब आइन्दा दलको तर्फबाट वा भ्रातृ संगठनमा निर्वाचन चिन्ह लिएर उम्मेदवार भएमा महासंघको पद स्वत: रिक्त भएको मानिने व्यवस्था गर्ने प्रस्तावलाई पारित गर्दछ।

१६. देशका विभिन्न भागमा हालै गएको बाढी, पहिरो तथा डुवानमा परी निधन हुनुभएकाहरूप्रति महासंघ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। पीडित परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै सो समस्याबाट पीडित सञ्चारकर्मी तथा क्षतिग्रस्त मिडियालाई यथोचित राहत उपलब्ध गराउन सरकारसँग महासंघ जोडदार माग गर्दछ। बाढी र डुवानमा परी बन्द भएका मिडियाले पाउँदै आएको सरकारी सुविधालाई निरन्तरता दिन पनि अनुरोध गर्दछ। साथै, पीडित पत्रकार तथा क्षति पुगी बन्द भएका मिडिया सञ्चालनका लागि सक्दो सहयोग र पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

१७. अनलाइन पत्रकारिताका विकाससँगै यसलाई व्यवस्थित गर्न सरकारले ल्याएको अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ प्रति महासंघले असहमति राख्दै आएको छ, त्यसलाई सुधार र परिमार्जन गरी अनलाइन पत्रकारिता मैत्री बनाउन महासंघ सरकारसँग माग गर्दछ।

१८. विश्वभरि नै प्रेस स्वतन्त्रताको अभ्यास गर्ने क्रममा भएका दमनको शिकार भएका सबै पत्रकारहरूप्रति यो २५औं महाधिवेशन ऐक्यबद्धता प्रकट गर्दछ। जेलमा रहेका सबै सञ्चारकर्मीको रिहाइको माग गर्दै विश्वभरमा प्रेस स्वतन्त्रताका लागि हुने र भइरहेका आन्दोलनको महासंघ समर्थन गर्दछ।

१९. यो २५औं महाधिवेशनको उद्घाटनसत्रलाई सम्बोधन गर्न समय दिनु भएकोमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवालगायत अतिथिहरू, अध्यक्ष मण्डल, महाधिवेशनमा आउनुभएका सभासद्हरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

# पदभार हस्तान्तरण

**महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले नवनिर्वाचित अध्यक्ष गोविन्द आचार्यलाई निर्णय पुस्तिका (माइन्यूट) बुझाउँदै पदभार हस्तान्तरण गर्नु भएको हो ।**



नवनिर्वाचित अध्यक्ष गोविन्द आचार्यलाई पदभार हस्तान्तरण गर्दै निवर्तमान अध्यक्ष डा. महेन्द्र विष्ट ।

नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिलाई पदभार हस्तान्तरण गरिएको छ । २०७४ भदौ ८ गते महासंघ केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले नवनिर्वाचित अध्यक्ष गोविन्द आचार्यलाई निर्णय पुस्तिका (माइन्यूट) बुझाउँदै पदभार हस्तान्तरण गर्नु भएको हो ।

सभामुख ओनसरी घर्तीमगरको समुपस्थितिमा आयोजित कार्यक्रममा महासंघका निवर्तमान पदाधिकारी र महासंघका कर्मचारीलाई कदरपत्र र निर्वाचन समितिका पदाधिकारीलाई धन्यवाद पत्र प्रदान गर्नुका साथै नवनिर्वाचित केन्द्रीय समितिलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा सभामुख घर्तीमगरले समाज विकासका निम्ति देश र जनताको भावना र मर्मअनुसार महासंघ तथा पत्रकारहरूले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले निवर्तमान कार्यसमितिलाई आफ्नो पूर्ण कार्यकाल सफल पारी पदभार हस्तान्तरण गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो ।

महासंघका नवनिर्वाचित अध्यक्ष गोविन्द आचार्यले आफू र महासंघको नेतृत्व सम्पूर्ण पत्रकारको हकहितमा लाग्ने बताउनुभयो । उहाँले महासंघ पत्रकारको साझा थलो रहेको बताउँदै पत्रकारका मुद्दामा केन्द्रित हुने स्पष्ट पार्नुभयो ।

पत्रकार महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले नवनिर्वाचत कार्यसमितिलाई बधाई तथा कार्यसफलताको शुभकामना दिँदै आफ्नो कार्यकालमा विनासकारी भूकम्पको सामना, भारतीय नाकाबन्दी झेल्नु परेको भएता पनि संविधानमा पूर्ण प्रेस स्वतन्त्रताको अधिकार समावेश गर्न सफल भएको बताउनु भयो । उहाँले पत्रकारको सहयोग र प्रोत्साहनका निम्ति विभिन्न कोषको स्थापना गर्नुका साथै पत्रकार तथा सञ्चारमाध्यमलाई पुरस्कारहरू प्रदान गरिएको बताउनुभयो ।

# महासंघका पदाधिकारी र निर्देशक पार्कबीच भेटघाट

नेपाल पत्रकार महासंघका पदाधिकारीहरू र अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) का एसिया प्यासिफिक निर्देशक ज्याक्लिन पार्कबीच भेटघाट भएको छ ।

भदौ २३ गते नेपाल पत्रकार महसंघको केन्द्रीय कार्यालयमा भएको भेटमा महासंघका अध्यक्ष गोविन्द आचार्यले स्वतन्त्र प्रेसका अन्तर्राष्ट्रिय मूल्य-मान्यताअनुसार महासंघ अघि बढ्ने स्पष्ट पार्नुभयो । उहाँले विगतमा आइएफजेले पुऱ्याएको सहयोगप्रति धन्यवाद दिँदै आगामी दिनमा पत्रकारको क्षमता अभिवृद्धि र व्यावसायिक पत्रकारिताको विकासका क्षेत्रमा सहकार्य गरेर अघि बढ्ने बताउनुभयो ।

निर्देशक पार्कले महासंघको नयाँ नेतृत्वलाई बधाई दिँदै आगामी दिनमा महासंघसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउने बताउनुभयो ।





शालिकराम तिवारी

# पत्रकारको हकहित हाम्रो मुख्य प्राथमिकता हो

**नेपाल पत्रकार महासंघको २५ औं महाधिवेशनबाट अध्यक्षमा गोविन्द आचार्य निर्वाचित हुनु भएको छ । प्रस्तुत छ, महासंघको योजना, श्रमजीवी पत्रकारका मुद्दा लगायत मिडियाका विभिन्न विषयमा अध्यक्ष आचार्यसँग गरिएको कुराकानी :**

**नेपाल पत्रकार महासंघलाई तीन वर्षसम्म हाक्ने यहाँका मुख्य योजनाहरू के के छन् ?**

महासंघको २५औं महाधिवेशनले हामीलाई नेतृत्व चयन गरेसँगै केही 'म्यान्डेट' पनि दिएको छ। महाधिवेशनबाट पारित नीति तथा कार्यक्रम र प्रस्तावहरू नै आगामी यात्राका कार्य योजना हुन्। आवश्यकताअनुसार कार्यक्रम पनि बनाउदै अघि बढ्नेछौं। हामी लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा उभिने छौं। त्यसैगरी श्रमजीवी पत्रकारको हक-हितमा दृढतापूर्वक लाग्नेछौं। ती कामको सुरुवात गरिसकेका छौं।

सञ्चार नीति जारी भैसकेको छ। त्यसको कार्यान्वयन हुन बाँकी छ। कार्यान्वयनका लागि हामीले पहल गर्नेछौं। राज्यको पुनर्संरचनासँगै सञ्चारक्षेत्रमा पनि विभिन्न ऐन कानूनहरू निर्माण हुँदैछन्। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता अनुकूल ऐन कानून निर्माणमा हाम्रो जोड हुनेछ। सञ्चार क्षेत्रको नियममन, अनुगमन र व्यवस्थित बनाउने संरचनाहरू स्वायत्त र स्वतन्त्र हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। लोकतन्त्रमा सञ्चारक्षेत्रलाई राज्यले नियन्त्रणमा लिने कुरा आउँदैन। प्रत्यक्ष रूपमा नियमन गर्ने कुरामा राज्य आफै जोडिनु हुँदैन। स्वतन्त्र

र स्वायत्त निकायहरूबाट नियमन हुने, दर्ता गर्ने र आचारसंहिता अनुगमनलाई स्वनियमन गर्नेखालका संयन्त्रको निर्माण, महासंघको पुनर्संरचना र संस्थागत विकास, पत्रकारको दक्षता अभिवृद्धि, पेशागत शुद्धीकरण, पत्रकारको मर्यादा र सुरक्षामा हाम्रो जोड रहनेछ ।

**प्राथमिकताका आधारमा भन्दा सबैभन्दा महत्वपूर्ण मुद्दा के हो ?**

महासंघ श्रमजीवी पत्रकारहरुको संस्था रहेका कारण हाम्रो मुख्य प्राथमिकता पत्रकारको हकहित र अधिकार हुन्छ । हामी जहिले पनि पत्रकारको हकहितमा केन्द्रित हुन्छौं । हामी पत्रकारको हकहितमा आँच आउने गरी कसैसँग पनि सम्झौता गर्दैनौं । यति भनिरहँदा हामीले लेख्ने स्वतन्त्रता पाएनौ भने त्यहाँ लोकतन्त्र रहन्न । लेख्ने स्वतन्त्रताका निम्ति सधैं आवाज उठाइरहनु पर्ने अवस्था विगतदेखि नै रहेको छ । लेखेकै कारण पत्रकार कुटपिट हुने थुनिने र मारिनेसम्मका घटना भएका छन् । अहिले पनि केही समस्या छन् । लोकतान्त्रिक व्यवस्थामा मात्रै लख्ने स्वतन्त्रता हुन्छ । त्यसैले लोकतन्त्र र प्रेस स्वतन्त्रताको प्रवर्द्धनमा हाम्रो सशक्त भूमिका रहन्छ ।

> "श्रमजीवी पत्रकार सम्बन्धी ऐन संसद्ले निर्माण गरेको हुँदा यसको कार्यान्वयनमा सरकार भाग्न पाउँदैन । मिडिया सञ्चालकले पनि राज्यको नियम कानूनको पालना गर्नुपर्छ । न्यूनतम पारिश्रमिक लागू गर्न हामीले निरन्तर पहल गर्छौं ।"

**श्रमजीवी पत्रकार ऐन कार्यान्वयनलाई यहाँले महत्व दिनु भएको छ, ऐन कार्यान्वयनमा महासंघको कस्तो भूमिका हुन्छ ?**

श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सरकार र मिडिया सञ्चालकलाई साथमा लिएर अगाडि बढ्नुपर्ने हुन्छ । श्रमजीवी पत्रकार सम्बन्धी ऐन संसद्ले निर्माण गरेको हुँदा यसको कार्यान्वयनमा सरकार भाग्न पाउँदैन । र, मिडिया सञ्चालकले पनि राज्यको नियम कानूनको पालना गर्नुपर्छ । ऐन कार्यान्वयनमा उनीहरूले कुनै पनि बहाना गर्नहुँदैन । मिडिया सञ्चालकहरूका अन्य समस्याहरू छन् भने त्यसमा सहयोगी भूमिका खेल्ने र उहाँहरूलाई सहमतिमा लिएर श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गराउँदै अगाडि बढ्न हामी तयार छौं । न्यूनतम पारिश्रमिक लागू गर्न हामीले निरन्तर पहल गर्छौं । यस अतिरिक्त श्रमजीवी पत्रकारका लागि जहाँ समस्या देखा पर्छ, त्यहाँ महासंघको सशक्त उपस्थिति रहन्छ । मुद्दाहरूलाई सल्टाउन हामी निरन्तर रूपमा लाग्छौं ।

**महासंघले ट्रेड यूनियनको रुप धारण गरिसकेको छ । यसलाई कसरी संस्थागत गर्नुहुन्छ ?**

महासंघको विधानमा महासंघलाई सामुहिक सौदाबाजी गरेर पत्रकारको ट्रेड यूनियन अधिकारका निम्ति लड्ने संस्थाका रूपमा परिभाषित गरिएको छ । व्यावहारिक रूपमा महासंघ ट्रेड यूनियनको रूपमा गइसकेको छैन । महासंघको शाखा रहेका ठूला संस्थाहरूमा काम गर्ने सञ्चारकर्मीहरू ११ जना पुगे भने त्यहाँ ट्रेड यूनियन दर्ता गर्न पाउने कानूनअनुसार अगाडि बढ्नेछौं । तलदेखि महासंघ ट्रेड यूनियन बन्यो भने माथिसम्म त्यसको विस्तार हुन गाह्रो छैन । त्यसपछि महासंघलाई स्वतः ट्रेड यूनियनमा लगिनेछ ।

**मिडिया सञ्चालकसँग महासंघको सम्बन्ध के हुन्छ ?**

महासंघ पत्रकारहरुको हकहितमा काम गर्ने संस्था भएकाले पत्रकारको हकहितको वकालत गर्नु स्वभाविक हो । मेरो विचारमा मिडिया सञ्चालकहरू पनि मिडिया तथा पत्रकारको अधिकारका निम्ति स्पष्ट हुनुहुन्छ । हामी मिडिया सञ्चालकसँग सहकार्य गरेर अगाडि बढ्छौं । मिडिया सञ्चालकहरू पत्रकारका विरुद्धमा आउनुभयो भने मात्रै 'टसल' पर्ने हो । उहाँहरू पत्रकार हितका विरुद्ध नै उभिनु भयो भने हामीले पत्रकारको हित रोज्छौं ।

**राष्ट्रिय सञ्चार नीति, २०७३ अनुसार धेरै कानूनहरू परिवर्तन हुँदैछन् । त्यसमा महासंघको भूमिका कस्तो रहन्छ ?**

महासंघ लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र पत्रकारिताका अन्तर्राष्ट्रिय मूल्य-मान्यताअनुसार अघि बढ्छ । जति पनि ऐन कानूनहरू बन्छन्, ती पत्रकारिताका अन्तर्राष्ट्रिय मूल्य-मान्यताअनुसार छन् कि छैनन्, त्यसमा हामी चनाखो भएर लाग्छौं ।

अब बन्ने मिडिया सम्बन्धी नीति, कानूनी संरचनाहरूलाई प्रेस स्वतन्त्रताका सवालमा विश्वभर नै उदाहरण हुनेखालको हुनुपर्छ भन्ने हाम्रो मान्यता छ । त्यसैगरी राज्यले बनाउने सञ्चार संरचनाहरू स्वायत्त, स्वतन्त्र, समावेशी र संघीय ढाँचामा हुनुपर्ने विषयमा हामी प्रष्ट छौं ।

तर, राज्यको चरित्र सधैं अंकुश लगाउन खोज्ने हुँदा हामी सचेत हुनुपर्छ । र, छौ पनि । प्रेसका अधिकार कटौती गर्ने प्रयास मात्रै भए पनि हामी त्यसका विरुद्ध एकजुट भएर अघि बढनुपर्छ । त्यसको नेतृत्व महासंघले लिन्छ ।

**सञ्चार र पत्रकारितासम्बन्धी धेरै संघसंस्थाहरू छन् । विज्ञहरू पनि छन् । तिनीहरूसंग महासंघको सम्बन्ध र सहकार्य के रहन्छ ?**

महासंघले पत्रकारको हकहितका साथसाथै विगतदेखि राष्ट्र र जनताको हितको पक्षमा पनि आफूलाई अगाडि उभ्याउँदै आएको छ । विगतमा पनि महासंघले सञ्चारक्षेत्रका संघसंस्थासँग नजिकबाट सहकार्य गर्दै आएको छ । हामी त्यसलाई निरन्तरता दिन्छौं । र, हाम्रो उद्देश्यसँग मेल खानेगरी आगामी दिनमा त्यसको क्षेत्र अझ बढाउनेछौं ।

# महासंघद्वारा खोजी पत्रकारितामा लाग्न आग्रह

**नेपाल** पत्रकार महासंघले प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता र नेपाली पत्रकारिताको मौलिक चरित्रको जगमा उभिएर निर्भिकतापूर्वक खोजी पत्रकारितामा दृढतापूर्वक लागि रहन सबै पत्रकारहरूलाई आह्वान गरेको छ । नेपाल आयल निगमको जग्गा खरिद' प्रकरणका विषयमा नागरिक दैनिकले अनुसन्धानात्मक रिपोर्टिङ गरी समाचार प्रकाशित गरेपछि विकसित घटनाक्रमका सन्दर्भमा महासंघले भदौ १८ गते प्रेस विज्ञप्ति जारी गरी खोजी पत्रकारितामा लाग्न पत्रकारलाई आग्रह गरेको हो ।

'समाचारसँग असहमत पक्षले नागरिक दैनिक र समाचार लेख्ने पत्रकारबिरुद्ध मानहानी मुद्दा दायर गरी क्षतिपूर्तिको माग गरेका छन् । एउटा नागरिकको अदालतमा जाने अधिकारको महासंघ सम्मान गर्दछ । तर, घटनाक्रम विश्लेषण गर्दा यो मुद्दा नियोजित रुपमा भ्रष्टाचारको खुलासा गर्ने कामलाई निरुत्साहित गर्ने, पत्रकारिता क्षेत्रमा त्रास सिर्जना गर्ने र सञ्चारमाध्यम तथा पत्रकारलाई क्षतिपूर्तिका नाममा आर्थिक क्षति पुऱ्याउने मनसाय रहेको हुनसक्ने देखिन्छ'-महासंघका महासचिव रमेश विष्टद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# महासंघद्वारा सञ्चारमन्त्रीको ध्यानाकर्षण



रामचन्द्र दुलाल

**नेपाल** पत्रकार महासंघले श्रमजीवी पत्रकारहरूको अधिकार प्राप्तिका लागि प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराएको छ। भदौ २३ गते महासंघका अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतलाई भेटी सञ्चारक्षेत्रका नीतिगत र व्यवहारिक समस्या सम्बोधन गर्न आग्रह गरेको हो।

भेटका अवसरमा सूचना तथा सञ्चारमन्त्री बस्नेतले महासंघको ध्यानाकर्षणलाई सकारात्मक रूपमा लिएको बताउँदै महासंघसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सूचना संप्रेषण गर्दा मर्यादित हुन पत्रकारलाई आग्रह पनि गर्नुभयो।

महासंघले सूचना तथा सञ्चारमन्त्रीलाई बुझाएको ६ बुँदे ध्यानाकर्षण यस प्रकार छ :

### लोकतन्त्र, मानवअधिकार र प्रेस स्वतन्त्रतासम्बन्धी

- संविधानप्रदत्त र अन्तर्राष्ट्रिय मूल्य मान्यताअनुसार प्रेस स्वतन्त्रता अक्षुण रहने व्यवस्था सुनिश्चित गर्न राज्यले बनाउने सञ्चारसम्बन्धी सबै कानूनमा यसको प्रत्याभूति गरी निर्वाधरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने वातावरण निर्माण गरियोस्।
- विगतमा कर्तव्यपालनका सिलसिलामा मारिएका सम्पूर्ण पत्रकारहरूप्रति उच्च सम्मान गर्दै पत्रकारको हत्यामा संलग्नमाथि कारबाही गर्नुका साथै बेपत्ता पत्रकारको खोजी तथा घटनामा संलग्नको पहिचान गरी कानूनी कारबाही गरियोस्। साथै, पीडितलाई उचित राहत उपलब्ध गराउने व्यवस्था गरियोस्।
- सञ्चार गृह र सञ्चारकर्मीमाथि हुनसक्ने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकार हनन्का घटना रोक्न र त्यस्ता कार्यमा संलग्नलाई कारबाही गर्न सरकारले अग्रसरता देखाउन महासंघ माग गर्दछ।

### नीति सम्बन्धी

- 'राष्ट्रिय आमसञ्चार नीति-२०७३' लाई आवश्यक परिमार्जनसहित दृढतापूर्वक कार्यान्वयन गरियोस्। नीति कार्यान्वयनसँगै सञ्चार क्षेत्र स्वायत्त र स्वतन्त्र संरचना निर्माण गरियोस् र यसमा समावेशीताले उच्च महत्व पाउनेमा महासंघ विश्वस्त छ।
- अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका-२०७३ लाई सुशासन (व्यवस्थापक तथा सञ्चालन) ऐन २०६४ भित्र राखिएकाले त्यसलाई सो ऐन मातहत नराखी अन्य सञ्चारमाध्यमलाई दिइएको स्वतन्त्रता प्राप्त हुनेगरी नीति तय गरियोस्।
- मिडियामा भएका लगानीलाई पारदर्शी र व्यवस्थित बनाइयोस्।

### श्रमजीवी पत्रकारको अधिकारका सन्दर्भमा

- २०५१ सालमा जारी भएको श्रमजीवी पत्रकार ऐन र त्यस अन्तर्गत बनेको नियमावली-२०५३ मा तोकिएका सेवा-सुविधा अझैसम्म श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरूले प्राप्त गर्न सकेका छैनन्। अतः सो ऐन र नियमावलीले तोकेका सेवा-सुविधा तत्काल् उपलब्ध गराउन सरकारले दृढतापूर्वक कदम चालोस्। साथै, राजपत्रमा प्रकाशित भई २०७३ साउन १ गतेदेखि लागू भएको श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिकलाई आधार भूत तलवमान मानी भुक्तान गर्न सञ्चार गृहहरूले आलटाल गरिरहेको सन्दर्भमा तत्काल् त्यसको कडाइपूर्वक कार्यान्वयनको पहल थालियोस्।
- श्रमजीवी पत्रकार ऐनमा उल्लेखित प्रेस रजिष्ट्रार नियुक्त हुन नसकेकाले अधिकार सम्पन्न प्रेस रजिष्ट्रार नियुक्त गरियोस्।
- पत्रकार महासंघका सदस्यता परिचय पत्रका आधारमा श्रमजीवी पत्रकारलाई सिंहदरबार प्रवेशको व्यवस्था गरियोस्।
- ऐन तथा नियमावली र न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको पारिश्रमिकलगायतका सुविधा नदिने सञ्चार गृहलाई कानून बमोजिम कारबाही गरियोस्। त्यसका लागि न्यूनतम पारिश्रमिक निर्धारण समितिले बुझाएको अनुगमन प्रतिवेदन २०७४ को खण्ड ६ 'ऐनको पूर्व कार्यान्वयनका लागि सुझाव' मा उल्लेखित सिफारिस अक्षरस: लागू गरियोस्। 'हरेक वर्ष नेपाल राष्ट्र बैंकको मूल्यवृद्धि प्रक्षेपण (प्रचलित मान्यता) प्रतिवेदनका आधारमा पारिश्रमिक बढ्ने व्यवस्था हुनुपर्ने' बुँदालाई विशेष महत्व दिई पारिश्रमिक वृद्धि गर्दा न्यूनतममात्र नभई तहगतलाई पनि ध्यान दिइयोस् र ठूलो संख्यामा रहेका स्ट्रिन्जरहरूलाई नयाँ रूपमा व्यवस्थित गर्न समितिलाई तत्काल् काम अगाडि बढाउन निर्देशन दिइयोस्।

### सामाजिक सुरक्षा

- पत्रकार दुर्घटना बिमालाई थप विस्तार गरियोस्। स्वास्थ्य बिमा, जेष्ठ पत्रकार जीविकोपार्जन भत्ता, पत्रकार कल्याणकारी

कोषमा रकम वृद्धि, आपतकालीन राहत कोषको व्यवस्था गरियोस् । साथै, पत्रकारलाई सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराइने भनेको ५० प्रतिशत छुटलगायतका पूर्व निर्णयहरू कार्यान्वयन गरियोस् ।
- सूचना विभागबाट प्रेस पास नवीकरण भएसँगै स्वतः पत्रकारलाई पत्रकार दुर्घटना बिमाको व्यवस्था गरियोस् ।

### साना लगानीका मिडियाको रक्षा
- समानुपातिक विज्ञापन नीति लागू नभएसम्मका लागि लोककल्याणकारी विज्ञापन रकम दोब्बर वृद्धि गरी मिडियाको बहुलता र विविधतालाई संरक्षण गर्दै सबै प्रकारका आमसञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइयोस् ।
- नेपाली मिडियालाई सेवा उद्योगको रूपमा मान्यता र सुविधा प्रदान गर्न, क्लीन फिड नीति कार्यान्वयनमा ल्याउन, सरकारी विज्ञापनको समुचित, समानुपातिक वितरण तथा विकेन्द्रीकरण गरी समग्र सञ्चार क्षेत्रको विकास र विस्तारमा राज्यले दिने सेवा सुविधामा वृद्धि गरियोस् ।
- साना लगानीको पत्रपत्रिकालाई सुविधा नियमित हुनेगरी विधा परिवर्तन गर्ने व्यवस्था गरियोस् ।

### संरचना सम्बन्धी
- पत्रकारको दक्षता अभिवृद्धिका लागि राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना तथा आवश्यक अन्य संरचनाहरू तत्काल स्थापना गरियोस् । त्यस्ता निकाय स्थापना गर्दा पत्रकार महासंघको समेत संलग्नतामा स्वतन्त्र, स्वायत्त र प्राज्ञिक रहने कानूनी व्यवस्था गरियोस् ।
- मिडियाको प्राविधिक नियमन, प्रवर्द्धन, प्रसारणमाध्यमको इजाजत, नवीकरण, विज्ञापन वर्गीकरण, श्रम मामिला आदि हेर्ने गरी कानूनी संरचना तयार गरी स्वतन्त्र र स्वायत्त राष्ट्रिय मिडिया आयोग वा प्राधिकरण गठन गरियोस् ।
- नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरूको भौतिक पूर्वाधार विकासका लागि आवश्यक रकमको व्यवस्था गरियोस् । साथै, क्षमता अभिवृद्धिका लागि सरकारले उपलब्ध गराउने रकममा वृद्धि गरियोस् ।
- आमसञ्चार क्षेत्रको इतिहास संरक्षण, विकास क्रमको दस्तावेजीकरण तथा अध्ययन- अनुसन्धानका लागि आमसञ्चार संग्रहालय र ई-लाइब्रेरी स्थापना गरियोस् ।
- अपाङ्गता तथा अल्पसंख्यक र महिला श्रमजीवी पत्रकारहरूले सञ्चालन गरेका सञ्चारमाध्यमलाई विशेष सहुलियतको व्यवस्था गरियोस् ।
- कर्णालीलगायतका अति विकट क्षेत्रमा पत्रकारिताको विकासका लागि विशेष पहल गरियोस् ।



# श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको संकल्प

**नेपाल** पत्रकार महासंघले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि पहल कदमी लिने संकल्प गरेको छ । नवनिर्वाचित केन्द्रीय समितिको २०७४ भाद्र ८ गते बसेको पहिलो बैठकले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनको माग गरेको महासंघका महासचिव रमेश विष्टद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

बैठकले गरेका निर्णयहरू यसप्रकार छन् :

१. विगतमा कर्तव्यपालनका सिलसिलामा मारिएका सम्पूर्ण पत्रकारहरूप्रति उच्च सम्मान र हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै पत्रकारको हत्यामा संलग्नमाथि कारबाही गरी दण्डहीनताको अन्त्य गर्न माग गर्दछ ।

२. महासंघको २५औं महाधिवेशन सफल पार्न भूमिका खेल्नुहुने सबै महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै महाधिवेशनमा सहभागी भई नीति, कार्यक्रम र विभिन्न प्रस्तावका साथै नयाँ नेतृत्व निर्वाचित गर्ने प्रक्रियामा समेत सामेल हुनु भएका सबै सभासद्हरू, अघिल्लो केन्द्रीय समिति र निर्वाचन समितिप्रति आभार प्रकट गर्दछ ।

३. महासंघको यो नवनिर्वाचित कार्यसमिति श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि पहलकदमी लिने संकल्प गर्दछ । श्रमजीवी पत्रकार हरूलाई तत्काल नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुका साथै श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनको माग गर्दछ ।

४. लोकतन्त्र, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक हितको पक्षमा विगतदेखि महासंघको अग्रसरलाई थप निरन्तरता दिने संकल्प गर्दछ ।

५. संविधान कार्यान्वयनका लागि देशका सबै राजनीतिक दलहरूलाई एकतावद्ध भएर अघि बढ्न आह्वान गर्दछ ।

६. यो कार्यसमिति पत्रकार महासंघको कल्याणकारी कोषलाई आगामी ३ वर्षमा ५ करोड पुऱ्याउने संकल्प व्यक्त गर्दछ ।

७. राज्यद्वारा जनतामा जनहितका लागि प्रवाह गर्ने सूचना, सन्देशहरू प्रसारण गरेबापत उपलब्ध हुँदै आएको लोककल्याणकारी विज्ञापन सबै प्रकारका सञ्चारमाध्यममा उपलब्ध गराउनुका साथै समानुपातिक विज्ञापन नीति लागू नभएसम्मका लागि लोककल्याणकारी विज्ञापन रकम वृद्धि गरी मिडियाको बहुलता र विविधतालाई सम्मान गर्नेतर्फ यो बैठक सरोकारवालाको ध्यानाकर्षण गर्दछ ।

८. महासंघको आगामी केन्द्रीय समितिको बैठकबाट विस्तृत कार्ययोजना तयार पारी अगाडि बढ्ने बैठकले निर्णय गर्दछ ।

९. केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्य कुनै खाले सञ्चार संस्थाको (सम्पादक नरहेको हकमा) प्रकाशक/लगानीकर्ता/व्यवस्थापकको रुपमा काम वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिमा रहेको भए राजीनामा गर्ने ।

# मिडिया मिसनले फेला पारेका तथ्यहरू

**नेपाल** पत्रकार महासंघले स्थानीय तहको तेस्रो चरणको निर्वाचनका क्रममा २०७४ भाद्र २५ देखि २७ गतेसम्म प्रदेश नम्बर २ का जिल्लाहरूमा मिडिया मिसन गरेको थियो। मिडिया मिसनले स्थलगत अध्ययन तथा छलफलका क्रममा फेला पारेका प्रारम्भिक तथ्य देहायबमोजिम छन् :

- मिडियाले स्थानीय निर्वाचनका गतिविधि तथा घटनालाई प्राथमिकता साथ प्रकाशन तथा प्रसारण गरेका छन्। त्यसक्रममा राजनीतिक मुद्दा समेटिएका भएपनि बढी जोड निर्वाचनका प्रक्रिया, राजनीतिक दल र उम्मेदवारका गतिविधिमा दिएको पाइन्छ। खोजी पत्रकारिता गर्ने, आफै सक्रिय भएर विषयलाई उठान गर्ने, निर्वाचनमा हुने गलत क्रियाकलापलाई उजागर गर्ने, आलोचनात्मक रुपमा प्रस्तुत हुनेमा मिडियाको तर्फबाट जतिमात्रामा केन्द्रित हुनुपर्ने त्यति हुन नसकेको पाइयो।
- निर्वाचन सम्बन्धी समाचारका कारण द्वन्द्व हुन्छ कि, सामाजिक सदभाव भड्किन्छ कि, हिंसा हुन्छ कि भन्नेमा पत्रकारहरू अन्यन्तै बढी संवेदनशिल रहेको पाइयो। असोज २ गते निर्वाचन भए अरु पक्ष गौण हो भन्ने उनीहरूको धारणा रहेको देखियो। कस्ता समाचार दिने र कस्ता समाचार नदिने भन्नेमा पनि केही पत्रकार अन्योलमा रहेको पाइयो। विषयमा मेसो नपाउँदा र निर्वाचन सम्बन्धी जोडिएका कतिपय विषयलाई संवेदनशिल ठान्दा सेल्फ सेन्सरसीप गरेको पनि पाइयो।
- आमरुपमा पत्रकार तथा सञ्चारमाध्यमले निर्वाचनाको विषयमा समाचार सामग्री प्रस्तुत गर्दा व्यावसायिक धर्म निर्वाह गर्न प्रयास गरेको देखिएको छ। यद्यपि कैयौं मिडिया सञ्चालक तथा पत्रकारहरू राजनीतिक रुपमा विभाजित रहेको कारण राजनीतिक दल तथा नेताको प्रचार-प्रसारमा केही पत्रकार तथा सञ्चार माध्यमहरू पनि संलग्न हुनपुग्दा त्यसको प्रभाव समाचार सामग्रीमा पनि परेको पाइयो। मिडियामा एकपक्षीय समाचार तथा सामग्रीले बढी स्थान पाएको, समान राजनीतिक आस्था भए सकारात्मक रुपमा समाचार प्रस्तुत गर्ने र फरक राजनीतिक आस्था भए नकारात्मक पक्षलाई जोड दिने गरेको गुनासो उम्मेदवार तथा सर्वसाधारणको रहेको पाइयो। फरक आस्थाका उम्मेदवार तथा दलप्रति आक्रामकरुपमा प्रस्तुत हुने र गाली गलौज तथा घृणायुक्त अभिव्यक्ति प्रस्तुत गर्ने प्रवृत्ति विगतमा देखिने गरेकोमा यसपटक त्यस्तो प्रवृत्ति अत्यन्तै सीमित मात्रामा रहेको देखियो।
- निर्वाचन सम्बन्धी समाचार सामग्रीका कारण पत्रकारले प्रशासन, राजनीतिक दल लगायतबाट असुरक्षा र धम्कीको सामना गर्नु परेको छैन। अरु कारणले भन्दा पनि विधि पुऱ्याएर सामग्री तयार नपार्दा र अर्को पत्रकारका कारण भने केही पत्रकारले असुरक्षित महसुस गरेको पाइयो। समाचार संकलन, सम्पादन तथा प्रकाशन तथा प्रसरणका क्रममा सुरक्षा जोखिम भए पत्रकारलाई सुरक्षा दिन सुरक्षा निकायका अधिकारी प्रतिबद्ध रहेका छन्। तर, उनीहरू पत्रकारले पत्रकारिताका नाममा राजनीतिक दलको प्रचार-प्रसार गर्न पनि सक्छन् भन्नेमा सचेत रहेको पाइयो।
- अधिकांश जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय र पत्रकार महासंघका जिल्ला शाखाबीच बीच समन्वय छैन। जिल्लामा निर्वाचन सम्बन्धी सूचना तथा जानकारी पाउन पत्रकारलाई समस्या परेको छ। केही निर्वाचन कार्यालयले सूचना अधिकार तोक्ने र मिडिया सेन्टर बनाएका छन्। तर, उनीहरू र पत्रकारबीच पनि समन्वय हुन नसकेको पाइयो। सूचनाको पहुँचका लागि पत्रकार महासंघका जिल्ला शाखाहरू सक्रिय रुपमा लागेका छन्। तर, पत्रकारबीच एकता नहुँदा उनीहरूको आवाज सशक्त हुन सकेको छैन। मिसन टोलीको छलफलमा भने स्थानीय प्रशासन, निर्वाचन कार्यालयका अधिकारी र प्रहरी प्रशासन सूचनाको सहज पहुँचका लागि सकारात्मक भएका छन्।



महोत्तरीका पत्रकारसँग छलफल गर्दै मिडिया मिसन।

- निर्वाचन प्रयोजनका लागि मतदान हुने दिन असोज २ गतेका निम्ति पत्रकारका सवारी साधन र रिपोर्टिङमा खटिने पत्रकारलाई सहजरुपमा आवागमन गर्न सवारी तथा पत्रकार पासबारे अन्योल रहेको पाइएको छ। निर्वाचनका बेलासम्म पनि पास उपलब्ध हुन नसकी समाचार संकलन गर्न नपाइएला कि भन्नेमा पत्रकारमा त्रास छ। पास सहज रुपमा उपलब्ध गराउनका लागि पत्रकार महासंघका केही जिल्ला शाखा र पत्रकारले निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग पनि छलफल गरेका छन्। केही ठाउँमा पत्रकारलाई पत्रकार महासंघले सिफारिस गरेको आधारमा पास उपलब्ध गराउन सकिने आश्वासन पाएपनि धेरैमा सूचना विभागले जारी गरेको प्रेस पासका आधारमा मात्र निर्वाचनका लागि पास दिने अडान राखिएको छ। पत्रकारले सूचना विभागको कार्ड मिडियामा कार्यरत पत्रकारलाई तत्काल सम्भव नभएकाले मिडिया र पत्रकार महासंघको परिचय पत्रका आधारमा पास दिन मिसनको तर्फबाट सवैजसो ठाउँमा जोड दिइएको छ। मिसन टोलीको छलफलमा उनीहरूले पत्रकार महासंघ जिल्ला शाखासँगको समन्वयमा पास उपलब्ध गराउने बताएका छन्।
- अहिलेसम्म प्रशासनबाट सुरक्षामा समस्या नभएपनि प्रेस पास, सुरक्षा, आवत जावत लगायतमा समस्याहरू आउन सक्छ भन्ने पत्रकारका भनाइ छ। त्यस्तै निर्वाचनका बेला दृश्य छायाङकन गर्न र मतगणनाका बेला पनि दृश्य छायाङ्कन गर्न निर्वाचन कार्यालय र सुरक्षा अधिकारीबाट सहजरुपमा पहुँच हुनेमा ढुक्क हुने अवस्था देखिएको छैन।
- प्रदेश नं. २ का बाढी प्रभावित जिल्लामा पत्रकार र मिडिया हाउसको भौतिक संरचनामा क्षति पुगेको मात्र छैन, सूचना संकलन, समाचार प्रकाशन तथा प्रसारण गर्न समेत कठिनाइ उत्पन्न भएको छ। ठूलो संकटमा पर्दा पनि सहयोग नपाएको पत्रकारको गुनासो छ।

### मिडिया मिसनका सुझावहरू

- पत्रकारले निर्वाचनसँग जोडिएका विषयमा सकारात्मक तथा आलोचनात्मक सबै खालका विषयमा समाचार प्रकाशन तथा प्रसारण गर्न आवश्यक छ। यसो गर्दा घटना वा प्रक्रिया प्रधान मात्र होइन कि विषयको पहिचान गर्ने, आफै अग्रसरता लिई सबै पक्षको खोजी गरेर समाचार प्रकाशन तथा प्रसारण गर्नु पर्छ। निर्वाचनको प्रक्रियाका साथैसाथै राजनीतिक दल तथा उम्मेदवारका प्राथमिकता र आम नागरिकका मुद्दाहरूलाई पनि उत्तिकै प्राथमिकता दिएर समाचार संकलन तथा प्रकाशन/प्रसारण गर्न आवश्यक छ।
- कुन विषय अति संवेशनशिल हो र कुन होइन भन्नेमा पत्रकारले जानकारी हासिल गर्न आवश्यक छ। कुनै राजनीतिक दल, नेता, उम्मेदवारलाई असर पर्ने विषयलाई अति संवदेशनदिल विषय ठानेर सेल्फ सेन्सरसीप गर्नु हुँदैन।
- पत्रकारको राजनीतिक आस्था समाचार सामग्रीमा प्रकट हुनु हुँदैन। पत्रकारिताको मूल्य मान्यतामा रहेर व्यावसायिक पत्रकारिता गर्नुपर्छ। राजनीतिक आस्थाका आधारमा सेल्पसेन्सरसीप गर्नु हुँदैन।
- समाचार सामग्रीका कारण पत्रकारलाई धम्की नआउनु सकारात्मक पक्ष हो। तर, प्रकाशित सामग्री कस्ता छन् भनेर पनि समीक्षा गर्न जरुरी छ। धम्की आउन सक्छ भनेर वास्तविक कुरालाई लुकाउनु हुँदैन। निर्वाचनका बेला रिपोर्टिङ गर्दा जोखिमको आंकलन गर्नुपर्छ। र, जोखिम महसुस भए महासंघका केन्द्र तथा स्थानीय शाखा, सम्बन्धित सञ्चारमाध्यम र सुरक्षा निकायसँग समन्वय गर्नु पर्छ।
- मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय र पत्रकारबीच समन्वय हुनु पर्छ। निर्वाचन सम्बन्धी नियमित र व्यवस्थित रुपमा सूचना प्रवाह गर्नका लागि सम्बन्धित कार्यालयहरूले सूचना अधिकारीको व्यवस्था गरी 'प्रोएक्टिभ' भएर सूचनाको प्रवाह गर्नु पर्छ। सूचना अधिकारी र पत्रकारबीच नियमितरुपमा समन्वय हुनुपर्छ।
- निर्वाचनका क्रममा पत्रकारको आवातजावत र सूचनामा सहज पहुँचका लागि विशेष प्राथमिकता दिइनु पर्दछ। मतदानको दिन पत्रकारलाई सवारी साधन र व्यक्तिको पासको सहज व्यवस्था हुनुपर्दछ। यसको निम्ति मिसन समक्ष व्यक्त प्रतिवद्धता कार्यान्वयन हुनै पर्दछ। पास उपलब्ध गराउँदा प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, सुरक्षा निकाय र पत्रकार महासंघबीच समन्वय हुन आवश्यक छ। महासंघसँगको समन्वयमा सूचना विभागले जारी गरेको प्रेस पास, मिडिया हाउसको परिचय पत्र र महासंघको परिचयपत्रका आधारमा निर्वाचनका लागि पास उपलब्ध गराउनुपर्छ । यसका लागि पत्रकार महासंघका जिल्ला शाखाले थप पहल गर्न आवश्यक छ। र, पत्रकारहरूबीच पनि थप एकता र समन्वय हुन जरुरी छ।
- निर्वाचनको क्रममा मतदान र मतगणनाका बेला उत्पन्न हुन सक्ने समस्यालाई समाधान तथा न्यूनीकरण गर्न नेपाल पत्रकार महासंघले केन्द्रीय पदाधिकारीको नेतृत्वमा निर्वाचन हुने प्रदेश नं. २ का जिल्लाहरूलाई समेटी विशेष संयन्त्र बनाउनुपर्छ।
- बाढीबाट प्रभावित जिल्लाका पत्रकारहरूलाई सहयोगका लागि तत्कालै अग्रसरता लिनु पर्छ। क्षति भएका सञ्चार उपकरणका ठाउँमा नयाँ सञ्चार उपकरण किन्दा निश्चित प्रतिशत सहुलियत दिने व्यवस्था गर्नुपर्छ।
- पत्रकारिताका मूल्य मान्यतामा रही आचार संहिता पालना गर्दै सत्य तथ्यमा आधारित समाचार प्रकाशन तथा प्रसारण गर्न नेपाल पत्रकार महासंघ सबै पत्रकारलाई हार्दिक आह्वान गर्दछ। त्यसैगरी पत्रकारका लागि सूचनामा सहज पहुँच उपलब्ध गराउन र भयरहित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न सम्बन्धित सबै पक्षलाई हार्दिक आग्रह गर्दछ।

## 'नेपाली पत्रकारिता स्तब्ध र दुःखी'

**नेपाल** पत्रकार महासंघले भारतीय वरिष्ठ पत्रकार गौरी लंकेशको हत्याबाट नेपाली पत्रकारिता स्तब्ध र दुःखी भएको बताएको छ।

'वरिष्ठ भारतीय पत्रकार गौरी लंकेशको हत्याप्रति नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ। भारतीय पत्रकारिता जगतमा सधैं चर्चामा रहेकी पत्रकार लंकेशको हत्याले नेपाली पत्रकारिता जगत स्तब्ध र दुःखी बनेको छ'- महासंघका महासचिव रमेश विष्टद्वारा भदौ २१ गते जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ। महासंघले दोषी उपर कडा कानूनी कारबाहीको माग गरेको छ।

## विशेष संयन्त्र निर्माण

**नेपाल** पत्रकार महासंघले २०७४ असोज २ गते प्रदेश नम्बर २ का ८ जिल्लामा हुने तेस्रो चरणको स्थानीय तहको निर्वाचनको मतदान र मतगणनाका बेला समाचार संकलन र संप्रेषणमा उत्पन्न हुनसक्ने समस्या समाधान तथा न्यूनीकरणका लागि विशेष संयन्त्र निर्माण गरेको छ। महासंघका सचिव शीतलप्रसाद महतोको संयोजकत्वमा निर्माण भएको संयन्त्रमा महासंघका प्रदेश नम्बर २ अन्तर्गतका ८ जिल्लाका शाखा अध्यक्ष सदस्य छन्।

# शिक्षा पत्रकारिता पुरस्कार प्रदान




**यस** पटकको राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार-२०७३ कान्तिपुर दैनिकका संवाददाता माधव अर्याल (पाल्पा) र अन्नपूर्ण पोष्ट दैनिकका संवाददाता सुरेन्द्र काफ्ले (बाँके) लाई संयुक्तरुपमा प्रदान गरिएको छ। २०७४ साल भदौ २ गते नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उपप्रधान तथा शिक्षामन्त्री गोपामान श्रेष्ठले पुरस्कृत पत्रकारहरूलाई पुरस्कारको राशी र प्रमाणपत्र प्रदान गर्नु भएको हो। राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कारको राशी रु.७५ हजार छ।

महासंघ र शिक्षा विभागद्वारा गठित मूल्याङ्कन तथा छनौट समितिको सिफारिसका आधारमा ७ प्रदेश र उपत्यकालाई १ प्रदेश मानी ८ प्रदेशलाई प्रदान गरिने रु. ३० हजार राशीको प्रादेशिक शिक्षा पत्रकारिता पुरस्कार-२०७३' पनि प्रदान गरिएको छ। जस अन्तर्गत प्रदेश नम्बर १ बाट सरिता राई (रासस-भोजपुर) र भीम चापागाई (नागरिक दैनिक-इलाम), प्रदेश नम्बर २ बाट उपेन्द्र ठाकुर (कान्तिपुर टिभी-पर्सा) र महेशकुमार दास (नागरिक दैनिक-महोत्तरी), प्रदेश नम्बर ३ बाट गिरिजा अधिकारी (तुखवर डटकम-मकवानपुर) र विमल खतिवडा (कान्तिपुर दैनिक-चितवन) र प्रदेश नम्बर ४ बाट लालप्रसाद शर्मा (कान्तिपुर दैनिक-पर्वत) र अमरराज नहर्की (गोरखापत्र-तनहुँ) लाई संयुक्तरूपमा प्रदान गरिएको छ।

यस्तै प्रदेश नम्बर ५ बाट चुरामणि पोखरेल (अन्नपूर्ण पोष्ट-रुपन्देही) र प्रदेश नम्बर ६ बाट संयुक्तरूपमा प्रकाश अधिकारी (कान्तिपुर दैनिक-सुर्खेत) र ललितबहादुर बुढा (अन्नपूर्ण पोष्ट दैनिक-सुर्खेत), प्रदेश नम्बर ७ बाट डिलबहादुर सिंह (गोरखापत्र-डोटी) र तेजराज भट्ट (नयाँपत्रिका-कैलाली) र काठमाडौं उपत्यकाबाट गोपाल संग्रौला (कारोबार दैनिक-भक्तपुर), शरदकुमार शर्मा (रासस-काठमाडौं) र विनोद घिमिरे (द काठमाडौं पोष्ट-काठमाडौं) लाई प्रदान गरिएको छ।

त्यसैगरी ७ प्रदेश र उपत्यकालाई १ प्रदेश मानी ८ प्रदेशअन्तर्गत प्रत्येक प्रदेशबाट २ जना पत्रकारलाई प्रदान गरिने रु. २० हजार राशीको शिक्षा लेखनवृत्ति-२०७३ प्रदेश नम्बर १ बाट विद्या राई (कान्तिपुर दैनिक-भोजपुर), अवतार राई (चोमोलुङमा रेडियो-भोजपुर) र दमन राई (नागरिक दैनिक-खोटाङ) लाई संयुक्तरूपमा प्रदान गरिएको छ। प्रदेश नम्बर २ बाट भोला पासवान (कन्चनरुपमा सा-सप्तरी) र राकेशप्रसाद चौधरी (भूमि सा.-महोत्तरी) लाई प्रदान गरिएको छ।

यस्तै प्रदेश नम्बर ३ बाट तिलक अधिकारी (जनता जिन्दावाद-मकवानपुर) र सर्मिला बुढाथोकी (महिला खबर अनलाइन-दोलखा), प्रदेश नम्बर ४ बाट पवन पौडेल (दमौली एफएम-तनुहुँ), प्रतिक्षा काफ्ले (कान्तिपुर दैनिक-स्याङ्जा), प्रदेश नम्बर ५ बाट कृष्ण दर्नाल (रासस-पाल्पा), खगप्रसाद चापागाई (बुटवल टुडे-कपिलवस्तु), प्रदेश नम्बर ६ बाट संयुक्तरूपमा दीपेन्द्र शर्मा (नेपाल समाचारपत्र दैनिक-जाजरकोट), मेघराज खड्का (रेडियो नेपाल-रुकुम) र प्रवीर ददेल (रुकुम) लाई प्रदान गरिएको छ।

प्रदेश नम्बर ७ बाट नरी बडू (बैतडी) र दुर्गा देवकोटा (सामुदायिक रेडियो-कैलाली) र काठमाडौंबाट प्रज्ञा तिम्सिना (इमेज न्यानल टिभी-काठमाडौं) र सञ्जिप घिमिरे (ननस्टप खबर डटकम-काठमाडौं) लाई प्रदान गरिएको छ।

त्यस्तै उपत्यकासहित ८ प्रदेशका एफएम रेडियोलाई प्रदान गरिने संस्थागत शिक्षा पत्रकारिता पुरस्कार-२०७३ तर्फ प्रदेश नम्बर १ बाट रेडियो इलाम (इलाम), प्रदेश नम्बर २ बाट रेडियो सलहेस एफएम (सिरहा), प्रदेश नम्बर ३ रेडियो नवबुद्ध एफएम (काभ्रे), प्रदेश ४ बाट संयुक्तरूपमा सामुदायिक रेडियो परिवर्तन (बाग्लुङ) र रेडियो चौतारी (लमजुङ) लाई प्रदान गरिएको छ।

प्रदेश ५ बाट रेडियो प्रतिबोध (बाँके), प्रदेश ६ बाट रेडियो ध्रुवतारा (दैलेख), प्रदेश ७ बाट संयुक्तरूपमा रेडियो बाजुरा (बाजुरा)र रेडियो महाकाली (कन्चनपुर) र काठमाडौं उपत्यकाबाट रेडियो थाहा सञ्चार (काठमाडौं) लाई प्रदान गरिएको छ। रु. २५ हजार राशीको यो पुरस्कार महासंघको प्रादेशिक संयोजकहरूको संयोजकत्वमा गठित शिक्षा विभागका प्रतिनिधिसहितको समितिले गरेको सिफारिसको आधारमा प्रदान गरिएको हो।

यसैगरी राष्ट्रिय स्तरका पत्रपत्रिका र टेलिभिजनलाई छुट्टाछुट्टै रूपमा प्रदान गरिने ४० हजार रुपैयाँ राशीको संस्थागत शिक्षा पत्रकारिता पुरस्कार-२०७३ पत्रपत्रिकातर्फ ब्लाष्ट दैनिक (सुनसरी) लाई प्रदान गरिएको छ भने टेलिभिजनतर्फ कान्तिपुर टेलिभिजन (काठमाडौं) लाई प्रदान गरिएको छ। साथै यसै वर्षदेखि सुरु गरिएको अनलाईनतर्फको संस्थागत शिक्षा पत्रकारिता पुरस्कार एडुखबर डटकमलाई प्रदान गरिएको छ।

कार्यक्रममा उपप्रधान तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठले पुरस्कृत पत्रकारलाई हार्दिक बधाई दिनुभयो। उहाँले पुरस्कार वितरण गर्दा सबै क्षेत्र र मिडियालाई समेटेको भन्दै शिक्षा विभाग र महासंघको प्रशंसा गर्नुभयो।

नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टले पुरस्कृत पत्रकारहरूलाई बधाई दिँदै सरकार र पत्रकारले व्यवहारिक तथा वैज्ञानिक शिक्षामा जोड दिन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

शिक्षा विभागमा महानिर्देशक बाबुराम पौडेलले १३ वर्षदेखि पत्रकार महासंघसँग सहकार्य गर्ने अवसर प्राप्त भएको र आगामी कार्यसमितिसँग पनि सहकार्य गरेर अघि बढ्ने बताउनु भएको थियो।



# प्रतिष्ठान शाखाका पदाधिकारीसँग छलफल

**नेपाल** पत्रकार महासंघको प्रतिष्ठान शाखाका अध्यक्ष, उपाध्यक्ष र सचिवसँगको अन्तरक्रिया कार्यक्रम भदौ २८ गते सम्पन्न भयो। महासंघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले पत्रकारका जायज मागका लागि केन्द्रको सधैं साथ रहने हुँदा आदेश नपर्खिन आग्रह गर्नुभयो। पत्रकारहरू आफ्नो अधिकार पाउन आफै लड्नुपर्ने भन्दै उहाँले जो अन्याय सहेर बस्छ, त्यसले कहिल्यै पनि न्याय पाउन नसक्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा महासंघका सचिव रामप्रसाद दाहालले न्यूनतम पारिश्रमिक लगायत श्रमजीवी पत्रकारको सेवा-सर्त र सुविधाको विषयमा महासंघले सम्झौता नगर्ने स्पष्ट पार्नुभयो। प्रतिष्ठान शाखाका पदाधिकारीहरूले महासंघले न्यूनतम पारिश्रमिकका मुद्दामा मात्रै ध्यान नदिइ पत्रकारको सेवा सुरक्षा एवं क्षमता अभिवृद्धिका लागि समेत आवाज उठाउन महासंघ केन्द्रलाई सुझाव दिएका थिए।

# सुविधा उपलब्ध गराउन सञ्चार प्रतिष्ठानहरूलाई आह्वान

**नेपाल** पत्रकार महासंघले दशैंलाई समेत ध्यानमा राख्दै तत्काल श्रमजीवीहरूलाई बक्यौता पारिश्रमिक, सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकलाई आधारभूत तलवमान मानी दशैं खर्चलगायत सेवा–सुविधा उपलब्ध गराउन, तहगत वर्गीकरणअनुसार तलवमान कायम गर्न र प्राप्त सुविधा कटौती नगर्न सञ्चार गृहलाई आह्वान गरेको छ। यससँगै महासंघले नियुक्तिपत्र, न्यूनतम पारिश्रमिकको अनुपातमा तहगत पारिश्रमिक वृद्धि गरी ३ महिनाभित्रै उपलब्ध गराउन आह्वान गरेको छ।

महासंघका सचिव रामप्रसाद दाहालद्वारा भदौ २५ गते जारी प्रेस विज्ञप्तिमा आह्वानलाई बेवास्ता गरिए ३ महिनापछि सञ्चार प्रतिष्ठानहरूमा दबाबमूलक कार्यक्रम लिएर आउन बाध्य हुने व्यहोरा पनि अवगत गराइएको उल्लेख छ। यो आह्वानलाई कार्यान्वयन गर्न र कार्यान्वयन नगर्ने सञ्चार गृहहरूलाई आवश्यक कारवाही अगाडि बढाउन महासंघले नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग (प्रेस रजिष्ट्रार) लाई आग्रह गरेको छ। महासंघले श्रमजीवी पत्रकारहरूलाई आफूले प्राप्त गर्ने सेवा–सुविधा प्रति सचेत रहन र प्राप्त नभए महासंघका साथै सम्बन्धित निकायमा समयमै जानकारी गराउन पनि अनुरोध गरेको छ।

## महासंघको ध्यानाकर्षण

**नयाँ** पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित 'ग्र्याभिटी करेन्सीका नाममा नेटवर्किङ बिजनेसबाट नयाँ ठगी' शिर्षकको समाचार लेख्ने पत्रकार उमेश पौडेललाई 'ठीक पार्ने' धम्की दिइएको घट्नाप्रति नेपाल पत्रकार महासंघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

महासंघका सचिव रामप्रसाद दाहालद्वारा भदौ २६ गते जारी प्रेस विज्ञप्तिमा समाचारकै विषयलाई लिएर ज्ञानप्रसाद पौडेलले पत्रकार पौडेललाई 'ठीक पार्ने' सम्मको धम्की दिनु निन्दनीय भएको उल्लेख छ। महासंघले समाचार लेखेकै आधारमा यसरी धम्की दिने जो कोही भए पनि तत्काल कानुनी कठघरामा उभ्याउन ढिला नगर्न आग्रह गरेको छ।

## पत्रकार राईलाई सहयोग

**मुटु** रोगबाट पीडित नेपाल पत्रकार महासंघका पूर्व उपसभापति सञ्जयसन्तोषी राईको उपचारका लागि १ लाख २५ हजार रुपैयाँ सहयोग प्रदान गरिएको छ। सुर्यकुमार क्षेत्री दोस्रो अन्तरमिडिया फुटसल कपबाट संकलित रकम नेपाल पत्रकार महासंघका उपाध्यक्ष दिलिप थापा मगरले प्रदान गर्नु भएको हो।

पत्रकार राईको गंगालाल अस्पताल बासबारीमा ओपन हार्ट सर्जरी गरिएको छ।

गत वर्ष प्रतियोगिताबाट संकलित रकम क्षेत्रीको परिवारलाई उपलब्ध गराइएकोमा यस वर्ष परिवारको सहमतिमा राईलाई उपलब्ध गराइएको हो। पत्रकार क्षेत्रीको श्रीमतीलाई सरकारले रेडियो नेपालमा रोजगारीको व्यवस्था गरेको छ।



**नेपाल पत्रकार महासंघका पदाधिकारी र केन्द्रीय सदस्यहरू ।** तस्वीर : शालिकराम तिवारी






**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org